## अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )


# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या २ मितिः २०८२/०४/३०

**भाग-२**

**भीरकोट नगरपालिका**


### मेयरसँग ज्येष्ठ नागरिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०४।२२

**प्रस्तावनाः** भीरकोट नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने जेष्ठनागरिकहरुको स्वास्थ्य परिक्षण गरी नागरिकको स्वास्थ्य सुधार गर्ने एवं सवल जिवनयापनमा सहयोग पुर्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भीरकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "मेयरसँग ज्येष्ठनागरिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि भीरकोट नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

## परिच्छेद-२

## परिभाषा

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "नगरपालिका" भन्नाले भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ख) "नगर प्रमुख" भन्नाले भीरकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

ग) "उप-प्रमुख" भन्नाले भीरकोट नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भीरकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) "वडाध्यक्ष" भन्नाले भीरकोट नगरपालिका १ देखि ९ वटै वडाका वडाध्यक्षहरुलाई सम्झनु पर्दछ।

च) "समिति" भन्नाले दफा ६ बमोजिमको समन्वय तथा ब्यवस्थापन सम्बन्धि समितिलाई सम्झनु पर्दछ।

छ) "ज्येष्ठ नागरिक" भन्नाले ६० वर्ष उमेर पुरा गरेको नेपाली नागरिक सम्झनु पर्छ।

ज) "कार्यविधि" भन्नाले मेयरसंग ज्येष्ठनागरिक कार्यक्रम सञ्चालन कार्यविधि २०८२ सम्झनु पर्दछ।

झ) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले भीरकोट नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको रुपमा तोकिएको अधिकृत लाई सम्झनु पर्दछ।

ञ) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका अन्तर्गतका नगर अस्पताल, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई सम्झनु पर्दछ।

ट) "स्वास्थ्यकर्मि" भन्नाले नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत मे.अ., नर्सिङ्ग, प्यारामेडिक तथा अन्य स्वास्थ्य तर्फका कर्मचारी सम्झनु पर्दछ।

ठ) "स्वयंमसेवक" भन्नाले भीरकोट नगरपालिका अन्तर्गतका महिला सामुदायीक स्वास्थ्य स्वइं सेविकालाई सम्झनु पदछ।

## परिच्छेद-३

## ३. बजेटसिमा र सञ्चालन प्रक्रिया

१. **बजेटसिमा** - नगर सभाबाट स्विकृत सम्बन्धित बजेट शिर्षकमा विनियोजित रकम नै बजेटको सिमा हुनेछ।

२. **कार्यक्रम सञ्चालन प्रकिया** - जेष्ठनागरिक कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्दछ।

क) नगरपालिकाभित्र बसववास गर्ने ६० बर्ष उमेर पुगेका जेष्ठनागरिकहरुलाई स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मिहरुले कम्तिमा ३ महिनामा १ पटक टोल-टोलमा गई स्वास्थ्य जाँच गरी औषधी समेत वितरण गर्नुपर्दछ।

ख) जेष्ठनागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्दा म.स्वा.से. सँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

ग) अशक्त जेष्ठनागरिक, (क) वर्गको अपांगता भएमा स्वास्थ्यकर्मिहरु निजको निवासमा नै गई स्वास्थ्यसेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

घ) कार्यक्रम सञ्चालन गर्दा अनुसुचि १ र अनुसूची २ वमोजिमको बिरामी पुर्जा कायम गर्नुपर्नेछ।

ङ) स्वास्थ्यसेवा प्रदान गरिएको अभिलेख अनुसुचि- ३ को ढाँचामा नगरपालिकाको स्वास्थ्य शाखामा पठाउनु पर्नेछ।

च) सेवा प्रदान गर्दा आवश्यकताअनुसार मेडिकल अधिकृतसँग समन्वय गरिनेछ। स्वास्थ्यकर्मिहरुले सेवाप्रदान गर्दा आवश्यक सहयोग मागेमा सहयोग गर्नु मेडिकल अधिकृतको कर्तव्य हुनेछ।

छ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि ज्येष्ठ नागरिक बाहेक अन्य उमेर समुहका जोखिम समुहमा पर्ने सेवाग्राहि तथा गर्भवती महिलाहरुलाई आवश्यक स्वास्थ्यसेवा लिन बाधा पुग्नेछैन।

ज) औषधि वितरण सम्वन्धी व्यवस्थाः- कार्यक्रम सञ्चालन गर्ने क्रममा नागरिकहरुलाई आवश्यकता अनुसार नगरपालिकाले औषधि बितरण गर्नेछ । यस कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने औषधि उपकरण, औजार, रि-एजेन्ट तथा अन्य बन्दोबस्तिका सामाग्रिहरु नगरपालिकाले बजेटको सिमामा रही उपलब्ध गराउनु पर्नेछ।

झ) अतिरिक्त समयमा खटाउन सकिनेः- स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मिहरुलाई आवश्यकता अनुसार कार्यालय समयका अतिरिक्त अन्य समयमा समेत खटाउन सकिनेछ।

ञ) कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न स्वास्थ्य शाखाले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नसक्नेछ ।

ट) एउटा टोलमा बढीमा दुइजना स्वास्थ्यकर्मीहरु परिचालन गर्न सकिनेछ ।

## परिच्छेद-४

**४. स्वास्थ्यकर्मिको परिचालन -**

क) स्वास्थ्यजाँच सेवा सञ्चालनका लागी प्रत्येक स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मिहरुलाई आलोपालो मिलाई आफ्नो सेवाक्षेत्रमा खटाईने छ। स्वास्थ्यकर्मि/स्वयंसेविकालाई प्रतिदिन देहायको यातायात खर्च उपलब्ध गराईने छ।

देहाय :

| सि.नं. | विबरण | यातायात रकम | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्यकर्मी | ५००।- | |
| २ | महिला स्वास्थ्य स्वयमसेविका | ४००।- | |

## परिच्छेद-५

## विविध

**५. समन्वय तथा व्यवस्थापन सम्बन्धि व्यवस्था :**

कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग र समन्वय गर्न देहायबमोजिमको समन्वय तथा व्यवस्थापन समिति रहनेछ।

१. नगर प्रमुख - संयोजक
२. नगर उप- प्रमुख - सह- संयोजक
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. वडा अध्यक्ष (सबै) -सदस्य
५. नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य - सदस्य
६. नगर प्रमुखले तोकेको मे.अ. - सदस्य
७. स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

उपदफा (६) बमोजिमको समितिमा आवश्यकताका आधारमा अन्य सदस्य आमन्त्रण गर्न सकिनेछ।

**६. समन्वय तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-**

क. नगरपालिकाबाट सञ्चालित मेयरसँग जेष्ठनागरिक कार्यक्रमको नियमित अनुगमन गरी स्वास्थ्यकर्मिहरुलाई आवश्यक सहजिकरण तथा सहयोग गर्ने ।

ख. कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्याको समाधानका लागि आवश्यक सुझाव दिने, सहजिकरण र निर्देशन गर्ने ।

ग. कार्यविधिको उद्देश्य पुरा गर्न आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने।

**७. खरिद सम्बन्धी व्यवस्थाः-** कार्यक्रम सञ्चालनको क्रममा आवश्यक औषधी तथा अन्य वस्तुको खरिद प्रचलित कानुनबमोजिम हुनेछ । यस कार्यबिधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन बमोजिम कुनै प्रकृया पुरा गर्नुपर्ने भए सोहि बमोजिमको प्रकृया/विधि अवलम्वन गर्नुपर्नेछ।

**८. बाधा अड्काउ फुकाउः-** यस कार्यविधि बमोजिमको कुनै व्यवस्था कार्यन्वयनमा केहि बाधा आईपरेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १

## स्वास्थ्यकर्मीले राख्ने अभिलेकको नमुना

## भीरकोट नगरपालिका

## स्याङ्जा

## सेवा सम्बन्धि रेकर्ड पुस्तिका

जाचँ गर्ने स्वास्थ्यकर्मी को नाम, थरः

स्वास्थ्य संस्थाको नामः

मितिः

| सि. न. | नाम, थर | उमेर/ लिंङ्ग | वडा नं | रक्त चाप | नाडी को गति | अक्सिजन लेभल | सुगर लेभल | पिसावमा प्रोटिन | ताप क्रम | वि.एम. आइ | निदान | औषधि वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची-२

विरामी पुर्जा

भिरकोट नगरपालिका

स्याङ्जा

ओपिडि फारम

एच.एम.आइ.एस.१.२ अनुसार को ओपिडि फारम

## अनुसूची-३

## स्वास्थ्य शाखामा पठाउने प्रतिवेदनको नमुना

## भीरकोट नगरपालिका

## स्याङ्जा

## कार्यक्रम प्रतिवेदन

प्रतिवेदन गरेको मितिः

स्वास्थ्य संस्थाको नामः

कार्यक्रम सम्पन्न मितिः

कार्यक्रम सम्पन्न गरेको टोल को नामः

मितिः

| सि.न | रक्तचाप | नाडीको गति | अक्सिजन लेभल | सुगर लेभल | पिसावमा प्रोटिन | तापक्रम | वि.एम.आइ | निदान/रोगको नाम | औषधि वितरण | जम्मा जांच संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

प्रतिवेदन तयार गर्ने

प्रमाणित गर्ने

पेश गर्ने

आज्ञाले,

(उदयबहादुर पराजुली)

प्रमुख प्रशासकीय अधिकृत